गाउँ कार्यपालिका बैठक संख्या: २०८१/०८२-०४

आज मिति २०८१/०७/११ गते शुक्रबार विहान १०:३० बजे तपशिलका प्रस्तावहरुमा छलफल गरी निर्णय गर्न शान्तिनगर गाँउपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतज्यूको अध्यक्षता बसेको आ.व. २०८१।०८२ को शान्तिनगर गाउँ कार्यपालिकाको **चौथो** बैठकमा देहायको उपस्थिति र निर्णय भयो।

**उपस्थिति:**

| दस्तखत | सि.नं. | पद | पदाधिकारीको नाम, थर | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमाकुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल ओली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के. सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्रबहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य (४ नं वडा) |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य (७ नं वडा) |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | आमन्त्रित :- श्री पुष्कर वि.क. वडा सदस्य १ नं. वडा | |
| | | सहयोगी कर्मचारी | | |
| | १ | सचिवालय सहयोगी (प्रशासन अधिकृत) | श्री कृष्ण कुमार कँडेल | शान्तिनगर गाँउपालिका |
| | २ | का स | श्री शिव प्रसाद वली | शान्तिनगर गाउँपालिका |

मिति २०८१।०७।११ गते गाउँकार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ९ (१) बमोजिम अध्यक्षबाट प्रस्तुत गरिएका प्रस्तावहरु:

१. डाँगीमोडदेखि दक्षिणको बाटो कालोपत्रे सडकको भुक्तानी गर्ने सम्बन्धमा।
२. आ व २०८१।०८२ को समपुरक योजनाको बढी दायित्व सुनिश्चित गर्ने सम्बन्धमा।
३. कृषि स्नातकको तलब भुक्तानी सम्बन्धमा।
४. गत आ व को बाँकी रकम भुक्तानी गर्ने सम्बन्धमा।
५. गहुँको बीउको दररेट अनुमोदन गर्ने सम्बन्धमा।
६. नयाँ जनशक्ति करारमा व्यवस्था गर्ने सम्बन्धमा।
७. कार्यालय सार्दाको व्यवस्थापन खर्च भुक्तानी गर्ने सम्बन्धमा।
८. योजनाको नाम संशोधन गर्ने
९. विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
१०. कानून व्यवसायी तोकने सम्बन्धमा।

CamScanner

## मिति २०८१/०७/११ गते बसेको गाउँ कार्यपालिकाको दोश्रो बैठकका निर्णयहरु

**निर्णय नं.-१**

यस गाउँपालिकाबाट स्वीकृत डाँगीमोडदेखि दक्षिणको बाटो कालोपत्रे (ठेक्का नं. 19SRM/MCB/078-079) गर्ने सम्बन्धी योजना एम.एल.पि.एल. जेभी बैजनाथ ४ बाँकेसंग सम्झौता भई कार्यादेश दिइएकोमा स्थानीय विवादका कारण लामो समय Site Clearance नभई निर्माण कार्य प्रभावित भएको र साईट क्लिरेन्सपछि पनि निर्माण कार्य समयमा सम्पन्न नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम म्याद थप गरी लाग्ने अधिकतम् DLP कट्टा गरी प्राविधिक बिलको आधारमा भुक्तानी गर्ने ।

**निर्णय नं.२**

शान्तिनगर गाउँपालिकाबाट आ. व. २०८१।०८२ मा संघीय सरकार तथा प्रदेश सरकारसंग शर्सत, विशेष, समपुरक अनुदानमा सञ्चालन हुने गरी छनौट भई कार्यान्वयनको चरणमा रहेका सबै योजना/कार्यक्रमहरुको लागत अनुमान तयार गर्दा स्वीकृत भएको बजेटको सीमाभन्दा बढिमा २५ प्रतिशतसम्म ल.ई.मा वृद्धि गरी ठेक्का प्रक्रियाबाट योजना कार्यान्वयन गर्ने र उक्त बढि ल. ई. गरी ठेक्का खोल्दा बोलकबोलमा घटि भएको रकम हालको विनियोजित बजेटको सीमाभन्दा बढी भएको रकम गाउँपालिकाको आन्तरिक श्रोत वा स्थानीय राजश्व शिर्षकबाट व्यहोर्ने गरी योजनाहरुको ठेक्का प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस गाउँपालिकाको लागि आ व २०८०।८१ का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त सर्सत अनुदानको "स्थानीय तहमा कृषि स्नातक प्राविधिक कार्यक्रम" अन्तर्गत कृषि स्नातक प्राविधिक तर्फ बजेट विनियोजन भएकोले "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८०" बमोजिम यस गाउँपालिकामा सुप्रभा भण्डारीसग मिति २०८०।१२।२ गतेदेखि लागू हुने गरी करार सम्झौता भई हालसम्म कामकाजमा लगाउदै आएकोमा चालु आ व २०८१।०८२ मा उक्त मन्त्रालयबाट कार्यक्रममा कृषि स्नातकको पारिश्रमिकको सट्टा पशु चिकित्सकको लागि बजेट प्राप्त भएको सन्दर्भमाः यस गाउँपालिकामा १ जना कृषि स्नातकको पनि आवश्यक परेको हुँदा गाउँपालिकाको आन्तरिक श्रोतबाट प्रति महिना रु ३५००० (पैतिस हजार) बेहोर्ने गरी आ व २०८१।०८२ को लागि निज सुभद्रा भण्डारीलाई निरन्तरता दिई कामकाजमा लगाउने र मन्त्रालयबाट पशु चिकित्सक तर्फ विनियोजन भएको सर्सत अनुदानमा प्राप्त बजेटबाट पारिश्रमिक पाउने गरी १ जना पशु चिकित्सक करार सेवामा लिन छनौट प्रक्रिया अघि बढाउने ।

**निर्णय नं.४**

आर्थिक वर्ष २०८०।०८१ मा संचालित फुसको छना विस्थापित कार्यक्रमका लाभग्राहीसंग सम्झौता भई कार्य सम्पन गरी भुक्तानीका लागि पेश भएकोमा विविध कारणले कार्यालयबाट भुक्तानी हुन नसकेका र सोही आ.व. मा सम्झौता तथा कार्यादेश भई काम शुरु गरेको तर कार्यसम्पन्न गरी समयमै भुक्तानीका लागि पेश नगरेका लाभग्राहीले चालु आ व २०८१।०८२ मा कार्यसम्पन्न गरी आवश्यक कागजात सहित भुक्तानीका लागि पेश हुन आएका लाभग्राहीहरुको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि *शान्तिनगर गाउँपालिकाको अनुदानमा जस्तापाता वितरण गर्ने कार्यविधि, २०८१* बमोजिम फुस खर पराल खपटा टायल विस्थापित गरी घरमा जस्तापाता लगाएका लाभग्राही समेतको भुक्तानी चालु आ व को विनियोजित रकमबाट भुक्तानी दिने ।

**निर्णय नं.५**

यस कार्यालयमा गठित कृषि तथा पशुपन्छी विकास समन्वय समितिको मिति २०८१।०६।२१ गते बसेको बैठकबाट चालु आ व २०८१।०८२ का लागि उन्नत गहुँको बीउको मुल्य प्रति के जी रु ८१।७५ (रुपैया एकासी पैसा पचहत्तर मात्र) कायम हुने गरी गरेको निर्णय अनुमोदन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमिद दर्जेल
अध्यक्ष

निर्णय नं.६

क. संघ तथा प्रदेश र स्थानीय तहको सहकार्य एवं लागत सोझेदारीमा सुरक्षित आप्रवान (SaMi) कार्यक्रम सञ्चालन गर्नका लागि च.नं.२०३८ मिति २०८१।०१।१७ को पत्र मार्फत यस गाउँपालिकाबाट प्रतिबद्धता गरिएको र क्रियाकपलाप सञ्चालनका लागि एक जना मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) को ५०% तलब तथा सुविधा र वृत्तिविकास, प्राविधिक सहयोग लगायत अन्य सेवा सुविधा संघीय सरकारबाट वित्तीय हस्तान्तरण हुने भनी श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं.२३४ मिति २०८१।०३।०७ को पत्रबाट लेखी आएकोले मनोसामाजिक परामर्शकर्ताको तलब सुविधा (तलब, बीमा र पोशाक भत्ता) को लागि यस गाउँपालिकाबाट ५०% थप गरी तलब सुविधा उपलब्ध गराउने गरी प्रचलित मापदण्डको अधिनमा रहि एक जना मनोसामाजिक परामर्शकर्ता करार गर्ने ।

ख. आ व २०८१।०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यक्रम कार्यान्वयन गर्नका लागि नेपाल सरकार (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) बाट सशर्त अनुदान वित्तीय हस्तान्तरण भई आएको हुँदा *युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९* को दफा १४ (४)(क) मा आयोजनाको कार्यान्वयनका लागि रोजगार सेवा रोजगार सेवा केन्द्रमा रोजगार सहायक समेत रहने व्यवस्था भएकोले आयोजना कार्यक्रम कार्यान्वयनका लागि प्राप्त बजेटबाट तलब सुविधा पाउने गरी *स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८* बमोजिम पाँचौतह सरहको एक जना रोजगार सहायक पदमा प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्ने ।

निर्णय नं.७

यस गाउँपालिकाको केन्द्र जुम्लेकूलामा सार्ने १५औ गाउँभाको निर्णयानुसार शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मिति २०८१।०५।०२ मा शान्तिनगर गाउँपालिका वडा नं ४ को चिराघाटबाट ४ नं वडा कै जुम्लेकूलामा स्थानान्तरण गर्दा लागेको सम्पूर्ण खर्च चालु आ व २०८१।०८२ मा विनियोजन भएको तपशिल बमोजिमको बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | कामको विवरण | भुक्तानी हुने | | कैफियत |
|---|---|---|---|---|
| | | शिर्षक | रकम | |
| १ | रङरोगन तथा पार्टेशन | कार्यालय स्थानान्तरण तथा व्यवस्थापन खर्च | | |
| २ | विद्युत जडान तथा वायरिङ | कार्यालय स्थानान्तरण तथा व्यवस्थापन खर्च | | |
| ३ | नेट तथा CC Camera जडान | कार्यालय स्थानान्तरण तथा व्यवस्थापन खर्च | | |
| ४ | फर्निचर फिक्सिङ | फर्निचर तथा फिक्चर्स | | |
| ५ | ढुवानी तथा अन्य विविध | कार्यालय स्थानान्तरण तथा व्यवस्थापन खर्च | | |
| | जम्मा | | | |

निर्णय नं.८

यस गाउँपालिकाको १६औ गाउँसभाबाट वडा नं ४ को लागि स्वीकृत भएको योजना सुत्रमा प्रविष्ट गर्दा त्रुटी हुन गई फरक परेकोले देहाय बमोजिम संशोधन गरी योजना सञ्चालन गर्ने ।

| सि नं | भएको | | हुन पर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| | योजनाको नाम | बजेट रकम | योजनाको नाम | बजेट रकम | |
| १ | मालेचैतारीदेखि बाटो देखि एकली भुयारथानसम्म नयाँ कटिङ । | ८,५०,०००।- | मालेचौतारीदेखि एकली भुयारथान नाला निर्माण । | ८,५०,०००।- | |
| २ | रुईनेधारी जाने बाटोदेखि एकली भुयारथानसम्म नाला निर्माण | १,५०,०००।- | रुईनेधारी जाने बाटोदेखि एकली भुयारथानसम्मको बाटो नयाँ कटिङ | १,५०,०००।- | |
| ३ | शान्तिपुर मुकुन्द चोकदेखि एकली भुयारथानसम्म नयाँ कटिङ | ५,००,०००।- | शान्तिपुर मुकुन्द चोकदेखि प्रकाश रोकाको घरसम्म बाटो स्तरोन्नती | ५,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

CamScanner

**निर्णय नं.९**

शान्तिनगर गाउँपालिकाको विगतमा केन्द्र रहेको स्थान चिराघाट विपद् जोखिमका दृष्टिकोणले स्थान उच्च जोखिम क्षेत्रमा रहेकोले कुनै पनि समयमा विपद्को घटना हुन सक्ने सम्भावना भएकोले १५औं गाउँसभाबाट निर्णय भएको स्थान जुम्लेकूलामा कार्यालय स्थानान्तरण गरी सेवा प्रवाह गर्न उचित हुने भनी यस गाउँपालिका अन्तर्गतको विपद् व्यवस्थापन समितिको मिति २०८१।०५।२८ मा बसेको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

सम्मानित श्री सर्वोच्च अदालतको रिट नं नं०८१-wo-०३३९ को मुद्दामा यस गाउँपालिकाको कार्यालय र गाउँ कार्यपालिकाको तर्फबाट लिखित जवाफ मस्यौदा गर्न अन्तरिम आदेश बदर गराईपाउँ भन्ने निवेदन मस्यौदा गर्न बहस पैरवी गरी प्रतिरक्षा गर्न र वारिस नियुक्त गर्नको लागि न्याय पथ ल फर्म बागबजार काठमाण्डौका बरिष्ट अधिवक्ता श्री भोजराज आचार्य र ग्रीन ल एशोसियट्स पुतलीसडक काठमाण्डौंका बरिष्ट अधिवक्ता श्री शेर बहादुर के.सी.लाई जिम्मा दिने र मुद्दाको प्रतिरक्षा गर्दा लाग्ने सम्पूर्ण अदालती खर्च बिल भर्पाई बमोजिमको रकम '<u>अन्य कार्यालय सञ्चालन शिर्षक</u>'बाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner